**खैरहनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, चितवन**

**विनियोजन विधेयक, २०८३**

खैरहनी नगरपालिका, चितवनको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३

प्रस्तावनाः खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम खैरहनी नगरपालिकाको नगरसभाको १९ औं अधिवेशनले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**खैरहनी नगरपालिका, चितवनको विनियोजन ऐन, २०८३**" रहेको छ।

(२) यो ऐन सम्वत् २०८३ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८३।८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८३।८४ को निमित्त खैरहनी नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च र पूँजीगत खर्चको रकम समेत गरी जम्मा रकम रु. १ अर्ब ८ करोड ७३ लाख ३१ हजार ३ सय २५ मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ। यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्षको अन्त्यमा रहन सक्ने बैंक मौज्दात अनुमानभन्दा बढी रकम रहन गएमा वा अनुमान नगरिएको कुनै नयाँ शीर्षकमा रकम प्राप्त भएमा वा कुनै शीर्षकमा अनुमान गरिएभन्दा बढी रकम प्राप्त भएमा सो रकमसमेत यसै ऐनबमोजिम स्वीकृत भएको मानी खर्च गर्न यस ऐनले बाधा पुर्याएको मानिने छैन।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।८४ को निमित्त खैरहनी नगर कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा श्रोतान्तर, रकमान्तर र शीर्षकान्तर गर्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक

वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनुपर्नेछ।

अनुसूचि–१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

<table>
<tr><th>क्र.स.</th><th>व्यय शीर्षकहरु</th><th>कुल विनियोजन</th><th>चालु</th><th>पूँजीगत</th></tr>
<tr><td>१</td><td>नगर कार्यपालिकाको कार्यालय</td><td rowspan="3">१०८,७३,३१,३२५।-</td><td rowspan="3">५०,१६,६०,०००।-</td><td rowspan="3">५८,५६,७१,३२५।-</td></tr>
<tr><td>२</td><td>विषयगत समिति</td></tr>
<tr><td>३</td><td>वडा कार्यालय</td></tr>
</table>

दिनाङ्क :- २०८३ साल आषाढ १० गते बुधबार।